नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सर्वसाधारणको राय माग गरिएको सूचना

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको** मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयकउपर मन्त्रालयद्वारा सञ्चालित सुझाव पोर्टल https://lawfeedback.moljpa.gov.np/ मार्फत् वा संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा इमेल गरी पन्ध्र दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारणसमक्ष अनुरोध छ।

## विधायन ऐन, २०८१ को दफा ८ को उपदफा (२) बमोजिम

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

### तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरण :**

- हाल प्रचलनमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा पक्राउ गरिसकेपछि मात्र अनुसन्धान गर्ने न्यायिक प्रणाली रहेकोमा अब जघन्य वा गम्भीर अपराध र त्यसको उद्योग, षड्यन्त्र र मतियार भएकोमा बाहेक अन्य अपराधमा पहिला हाजिर हुन बोलाउने र अनुपस्थित भएमा मात्र पक्राउ पूर्जी जारी गर्ने तथा अन्य मुद्दामा मुद्दाको अवस्था हेरेर पक्राउ नगरी अनुसन्धान गर्ने पद्धति विकास गर्न,
- कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा दफा ३१ बमोजिम अनुसन्धान प्रतिवेदन पेस भई दफा ३२ बमोजिम अभियोगपत्र दायर भएकोमा त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा के गर्ने भनी स्पष्ट कानुनी व्यवस्था नरहेको हुँदा अब त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा सरकारी वकिल वा सम्बन्धित व्यक्तिको निवेदनबमोजिम अदालतले रोक्का फुकुवा गर्नु पर्ने व्यवस्था गर्न,

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव :**

मुद्दाको कारबाही, सुनुवाई र किनारा सम्बन्धी कार्यविधिगत व्यवस्था सहज र प्रभावकारी हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव :**

हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग :**

फौजदारी कार्यविधि सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव :**

- फौजदारी कार्यविधि सम्बन्धी प्रक्रियागत व्यवस्थामा सहजता कायम हुने,
- मुद्दाको कारबाही, सुनुवाई र किनारा हुँदा अदालती प्रक्रियामा सरलता हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग :**

नभएको।

**७. अन्य आवश्यक विषय :**

विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेको:-

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

- कुनै पनि व्यक्तिले जघन्य वा गम्भीर कसूर गरेमा वा त्यस्ता कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएकोमा बाहेक अन्य कसूरमा त्यस्ता व्यक्तिलाई पक्राउ गर्नु पूर्व उपस्थितिको सूचना दिनु पर्ने,
- कुनै व्यक्तिको मृत्यु भएको वा अन्य कुनै किसिमबाट निजको हत्या भएकोमा दफा २० बमोजिम लाश जाँच हुन नसकेको वा नभएको वा निजको शव कुनै ठाउँमा गाडिएको सूचना वा आशङ्का भएमा त्यस्तो ठाउँको उत्खनन् गरी मानव अवशेष वा अन्य प्रमाण सङ्कलन गर्न अनुसन्धान अधिकृतले शवोत्खनन् गर्न सक्ने,
- शव परीक्षण गर्दा मृत्युको कारण यकिन हुन नसकेमा वा मृतकको मृत्यु विषादी पदार्थ, अल्कोहलयजन्य, औषधीजन्य वा अन्य कुनै रासायनिक पदार्थको कारणबाट भएको हुन सक्ने परिस्थितिजन्य सूचना वा शङ्का भएमा आवश्यकता अनुसार मृतकको शरीरबाट उपलब्ध भएसम्म रगत, पिसाब, कुनै अङ्गको तन्तु वा तरल पदार्थको स्वाब वा शरीरको भित्री अङ्ग (भिसेरा) नमूना सङ्कलन गरी परीक्षणको लागि नेपाल सरकारको वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्ने,
- कुनै कसूरको कसूरदार पत्ता लगाउन अन्य अनुसन्धान विधिबाट सम्भव नभएमा वा त्यस्तो कसूर सम्बन्धी कुनै प्रमाण उपलब्ध हुन सक्छ भन्ने अनुसन्धान अधिकृतलाई लागेमा निजले अनुसन्धानको क्रममा वा कुनै व्यक्तिको पहिचान यकिन गर्नु पर्ने अन्य अवस्थामा पीडित वा आरोपित वा सम्बन्धित व्यक्तिलाई जैविक नमूना दिन अनुरोध गर्न पर्ने,
- कुनै कसूरको अनुसन्धानको सिलसिलामा दुरसञ्चार सेवा प्रदायकसँग कुनै सूचना वा विवरण माग गर्न आवश्यक देखिएमा अनुसन्धान गर्ने निकायको कार्यालय प्रमुखले दुरसञ्चार सेवा प्रदायक निकायसँग आवश्यक सूचना माग गर्न सक्ने,
- कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा अनुसन्धान प्रतिवेदन पेस भई अभियोगपत्र दायर भएकोमा त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा सरकारी वकिल वा सम्बन्धित व्यक्तिको निवेदनबमोजिम अदालतले रोक्का फुकुवा गर्नु पर्ने,
- नेपाल सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय निरुपणको क्रममा वस्तुनिष्ठरुपमा बिगो निर्धारण गर्नु पर्ने।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संहिताको नाम "मुलुकी फौजदारी कार्यविधि (पहिलो संशोधन) संहिता, २०८२" रहेको छ।

(२) यो संहिता तुरून्त प्रारम्भ हुनेछ।

२. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २मा संशोधन** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) "अभियुक्त" भन्नाले कुनै कसूरमा अभियोग लागेको तर अदालतबाट दोषी ठहर भई नसकेको व्यक्ति सम्झनु पर्छ।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छ :-

"(ङ१) "कसूरदार" भन्नाले अपराध संहिता वा प्रचलित कानून बमोजिमको कसूरमा अदालतबाट दोषी ठहर भएको व्यक्ति सम्झनु पर्छ।"

(३) खण्ड (त) मा रहेका "वा सहायक जिल्ला न्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा ", सहायक जिल्ला न्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ता" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल संहिताको दफा ३ मा संशोधन** : मूल संहिताको दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (२क) राखिएको छ :-

"(२क) व्यक्तिवादी फौजदारी मुद्दाको हकमा यस संहितामा छुट्टै कार्यविधि लेखिएकोमा सोही बमोजिम र अन्यमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ बमोजिमको कार्यविधि लागू हुनेछ।"

४. **मूल संहिताको दफा ४ मा संशोधन** : मूल संहिताको दफा ४ को उपदफा (१०) पछि देहायको उपदफा (११) थपिएको छ :-

"(११) उपदफा (१) बमोजिम दिइएको जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा प्रहरी कार्यालयले मनासिब आधार र कारण उल्लेख गरी त्यस्तो जाहेरी दरखास्त वा सूचना दरपिठ गर्न सक्नेछ र त्यसरी दरपीठ गरेकोमा सोको जानकारी जाहेरवालालाई दिनु पर्नेछ।"

५. <u>मूल संहिताको दफा ५मा संशोधन</u> : मूल संहिताको दफा ५ को,-

(१) उपदफा (१) मा रहेका "प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा" भन्ने शब्दहरू पछि "वा दरपीठ गरेमा" भन्ने शब्दहरू थपी सोही उपदफामा रहेका "जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला सरकारी वकिल कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "जिल्ला सरकारी वकिल कार्यालय वा प्रहरी कार्यालयले" भन्ने शब्दहरूको सट्टा "जिल्ला सरकारी वकिल कार्यालयले दर्ता गर्ने नगर्ने निर्णय गरी" भन्ने शब्दहरू राखिएका छन्।

६. <u>मूल संहितामा दफा ९क.थप</u> : मूल संहिताको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"९क. <u>पक्राउ गर्नु पूर्व सूचना दिनुपर्ने</u> : कुनै पनि व्यक्तिले जघन्य वा गम्भीर कसूर गरेमा वा त्यस्ता कसूरको उद्योग, दुरूत्साहन वा आपराधिक षड्यन्त्र गरेको वा सो कसूरमा मतियार भएकोमा वा जरूरी पक्राउ पूर्जी जारी गर्नु पर्ने अवस्थामा बाहेक अन्य कसूरमा त्यस्ता व्यक्तिलाई पक्राउ गर्नु पूर्व उपस्थितिको सूचना दिनु पर्नेछ।

तर त्यसरी सूचना दिँदा समेत उपस्थित नभएको अवस्थामा पक्राउ गर्न बाधा पर्ने छैन।"

७. <u>मूल संहिताको दफा ११मा संशोधन</u> : मूल संहिताको दफा ११ को,-

(१) दफा शीर्षकमा रहेका "भ्रमपूर्ण, झुट्टा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने" भन्ने शब्दहरूको सट्टा "जाहेरी वा सूचना तामेलीमा राख्न सकिने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) मा रहेको "सामान्यतया तीन दिनभित्र" भन्ने शब्दहरूको सट्टा "सामान्यतया सात दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

८. <u>मूल संहिताको दफा १४ मा संशोधन</u> : मूल संहिताको दफा १४ को,-

(१) उपदफा (६) मा रहेका "बढीमा पच्चीस दिनसम्म" भन्ने शब्दहरूको सट्टा "तीन वर्षसम्म कैद सजाय हुने कसूरमा बढीमा पन्ध्र दिनसम्म र सोभन्दा बढी सजाय हुने कसूरमा पच्चीस दिनसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (७) मा रहेका "र शरीर बन्धक सम्बन्धी कसूर" भन्ने शब्दहरू पछि "वा तीनजना वा सोभन्दा बढी व्यक्तिहरूले सामूहिक रूपमा गरेको जघन्य वा गम्भीर प्रकृतिको कसूर" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल संहिताको दफा १६ मा संशोधन** : मूल संहिताको दफा १६ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (१) बमोजिम बयान लिनु अघि अभियुक्तलाई कसूर गर्न अन्य व्यक्ति संलग्न रहे वा नरहेको, संलग्न रहेको भए त्यसको प्रमाण तथा विवरण खुलाउन र निजले कसूर गरेको भए सो कुरा स्वीकार गरी प्रमाण जुटाउन र अनुसन्धान गर्न वा अभियोजन गर्न सहयोग गरेमा अनुसन्धान अधिकृतले दफा ३३ बमोजिम सजाय छुट दिई अभियोजन गर्न सक्ने सूचनाको जानकारी अनुसूची-१०क. बमोजिमको ढाँचामा लिखित रूपमा गराउनु पर्नेछ।"

(२) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) बयान तथा सोधपुछको क्रममा अभियुक्तले बिगो वा क्षतिपूर्ति यकिन गर्न वा आफ्नो जिकिर पुष्टि गर्न कुनै प्रमाण पेस गर्न चाहेमा निजले त्यस्तो प्रमाण पेस गर्न सक्नेछ।"

१०. **मूल संहिताको दफा २० मा संशोधन** : मूल संहिताको दफा २० को उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "मृत्युको कारण पत्ता लगाउन सकिने अवस्था भएमा" भन्ने शब्दहरूको सट्टा "मृत्युको कारण पत्ता लगाउन वा अनुसन्धानमा सहयोग पुग्ने अन्य प्रमाण सङ्कलन गर्न" भन्ने शब्दहरू राखिएका छन्।

११. **मूल संहितामा दफा २०क.थप** : मूल संहिताको दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"२०क. **शवोत्खनन् गर्न सकिने** : (१) कुनै व्यक्तिको मृत्यु भएको वा अन्य कुनै किसिमबाट निजको हत्या भएकोमा दफा २० बमोजिम लाश जाँच हुन नसकेको वा नभएको तर निजको शव कुनै ठाउँमा गाडिएको सूचना वा आशङ्का भएमा त्यस्तो ठाउँको उत्खनन् गरी मानव अवशेष वा अन्य प्रमाण सङ्कलन गर्न अनुसन्धान अधिकृतले शवोत्खनन् गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शवोत्खनन् गर्दा सरकारी चिकित्सक वा ईजाजतप्राप्त चिकित्सक, सम्भव भएसम्म सम्बन्धित विषयविज्ञ, सम्बन्धित स्थानीय तहको कम्तीमा एकजना प्रतिनिधि, कम्तीमा दुईजना स्थानीय व्यक्ति र उपलब्ध भएसम्म सम्बन्धित व्यक्तिका परिवारको कुनै सदस्यको रोहवरमा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम शवोत्खनन् गर्दा यथासम्भव देहायका विवरण खुलाई अनुसूची-१५क. बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछः-

(क) शङ्कास्पद घटनास्थलको स्थलगत पहिचान, सीमाङ्कन तथा नक्साङ्कन विवरण,

(ख) शङ्कास्पद शवको स्थिति वा शवको अवशेषको विवरण,

(ग) शव पहिचान हुन सक्ने कुनै विवरण (कपडा, जुत्ता, घडी, सिक्री वा अन्य कुनै भौतिक वस्तु),

(घ) एक भन्दा बढी शव राखिएको आशङ्का भए शवको अनुमानित सङ्ख्या,

(ङ) शव गाडिएको, मरे वा मारिएको अनुमानित समयावधि,

(च) उत्खननबाट प्राप्त अवशेषमा रहेका वा देखिएको कुनै चोट वा हतियारको दाग,

(छ) उत्खननमा कुनै हातहतियार, गोली, विष्फोटक वा विषालु पदार्थ वा त्यसको कुनै अवशेष प्राप्त भए त्यसको विवरण,

(ज) अन्य कुनै भौतिकवस्तु, स्थिति वा विवरण भए सोको विवरण।

(४) उपदफा (३) बमोजिम सङ्कलन गरिएको शव, त्यसको कुनै भाग, अस्थिपञ्जर वा अवशेष वा सोसँग सम्बन्धित अन्य कुनै भौतिक वस्तु सम्बन्धित विशेषज्ञको निगरानीमा सुरक्षित ढङ्गले नमुना सङ्कलन र आवश्यकता अनुसार सिलबन्दी गरी परीक्षणको लागि अस्पताल वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त अवशेष वा अन्य भौतिक वस्तुको सम्बन्धित विशेषज्ञले अस्पताल वा प्रयोगशालामा परीक्षण गरी सोको प्रतिवेदन अनुसन्धान अधिकारीलाई पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम परीक्षण गरेपछि त्यस्तो लाश, अवशेष वा अस्थिपञ्जर सदगतका लागि आफन्तलाई बुझाउनु पर्नेछ।"

१२. <u>मूल संहिताको दफा २१ मा संशोधन</u> : मूल संहिताको दफा २१ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "डि. एन. ए. वा" भन्ने शब्दहरू झिकिएका छन्।

१३. <u>मूल संहितामा दफा २१क., २१ख. र २१ग.थप</u> : मूल संहिताको दफा २१ पछि देहायका दफा २१क.,२१ख. र २१ग. थपिएका छन् :-

"२१क. <u>मानव भित्री अङ्ग (भिसेरा) परीक्षण गर्नु पर्ने</u> : (१) दफा २० बमोजिम शव परीक्षण गर्दा मृत्युको कारण यकिन हुन नसकेमा वा मृतकको मृत्यु विषादी पदार्थ, अल्कोहलजन्य, औषधीजन्य वा अन्य कुनै रासायनिक पदार्थको कारणबाट भएको हुन सक्ने परिस्थितिजन्य सूचना वा शङ्का भएमा आवश्यकता अनुसार मृतकको शरीरबाट उपलब्ध भएसम्म रगत, पिसाब, कुनै अङ्गको तन्तु वा तरल पदार्थको स्वाब वा शरीरको भित्री अङ्ग (भिसेरा) नमुना सङ्कलन गरी परीक्षणको लागि नेपाल सरकारको प्रयोगशाला वा अनुमतिप्राप्त अन्य प्रयोगशालामा पठाउनु पर्नेछ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) उपदफा (१) बमोजिम नमुना सङ्कलन गर्दा त्यसको विवरण अनुसूची-१५ख. बमोजिमको ढाँचामा उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सङ्कलन गरिएको नमुना (भिसेरा) सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो नमुनामा अन्य पदार्थ प्रवेश वा समावेश नहुने गरी सुरक्षित तरिकाले सुरक्षण (प्रिजर्भेसन) गरी पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पठाएको नमुना प्रयोगशालामा सम्बन्धित विशेषज्ञले परीक्षण गरी त्यसको प्रतिवेदन अनुसूची-१५ग. बमोजिमको ढाँचामा तयार गरी अनुसन्धान अधिकृतलाई पठाउनु पर्नेछ।

२१ख. <u>आनुवांशिक सूचना दिने कोषको रसायन डि. एन. ए. (डिओक्सीराइबो न्यूक्लिक एसिड) परीक्षण गर्नु पर्ने</u> : (१) कुनै कसूरको कसूरदार पत्ता लगाउन अन्य अनुसन्धान विधिबाट सम्भव नभएमा वा त्यस्तो कसूर सम्बन्धी कुनै प्रमाण उपलब्ध हुन सक्छ भन्ने अनुसन्धान अधिकृतलाई लागेमा निजले अनुसन्धानको क्रममा वा कुनै व्यक्तिको पहिचान यकिन गर्नु पर्ने अवस्थामा पीडित वा अभियुक्त वा सम्बन्धित व्यक्तिलाई आनुवांशिक सूचना दिने कोषको रसायन डि.एन.ए. परीक्षणको लागि जैविक नमुना (बायोलोजिकल स्याम्पल) दिन अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएकोमा त्यस्तो नमुना सङ्कलन गर्न मञ्जुरी दिन सक्नेछ । त्यस सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिम मञ्जुरी दिएकोमा त्यस्तो व्यक्तिको जैविक नमुना (बायोलोजिकल स्याम्पल) सङ्कलन गरी मानव डि. एन. ए. परीक्षण गराउनु पर्नेछ।

(४) कुनै कसूरसँग सम्बन्धित घटनास्थल वा अन्य कुनै ठाउँमा पाइएका जैविक सङ्केतहरू वा डि. एन. ए. परीक्षण गर्न आवश्यक देखिएमा अनुसन्धान अधिकृतले आवश्यक नमुना सङ्कलन गरी परीक्षण गराउनु पर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको जैविक नमुना सङ्कलन गर्दा आवश्यकता अनुसार सम्बन्धित व्यक्तिको र्‍याल वा र्‍यालको दाग, रगत वा रगतको दाग, वीर्य वा वीर्यको दाग, थुक वा अन्य कुनै स्वाब, रौं, दाँत, हड्डी वा अन्य कुनै पनि नमुना मानव तन्तु वा कोषबाट सङ्कलन गर्न सकिनेछ।

(६) उपदफा (३) बमोजिम परीक्षण गर्न आवश्यक पर्ने व्यक्तिको र्‍याल वा र्‍यालको दाग, रगत वा रगतको दाग, वीर्य वा वीर्यको दाग, थुक वा अन्य कुनै स्वाब, रौं, दाँत, हड्डी वा अन्य कुनै पनि मानव तन्तु वा कोषबाट जैविक नमुना उपलब्ध गराउन अनुसन्धान अधिकारीलाई सम्बन्धित व्यक्तिले सहयोग गरी नमुना सङ्कलन गर्दा निजले अनुसूची-१५घ. बमोजिमको ढाँचामा मञ्जुरीनामाको लिखत गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम नमुना सङ्कलन गर्दा सरकारी चिकित्सक वा इजाजतप्राप्त चिकित्सकले सम्भव र उपलब्ध भएसम्म सम्बन्धित व्यक्तिको परिवारका सदस्य तथा अन्य व्यक्तिको रोहवरमा र महिलाको शरीरबाट जैविक नमुना सङ्कलन गर्दा महिला चिकित्सक र त्यस्तो चिकित्सक उपलब्ध नभएमा कम्तीमा दुईजना महिलाको रोहबरमा पुरूष चिकित्सकले सङ्कलन गर्नु पर्नेछ।

(८) यस दफा बमोजिम सङ्कलन गरिएको नमुना सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मी वा अन्य सङ्कलनकर्ताले त्यस्तो नमुनामा अन्य पदार्थ प्रवेश वा समावेश नहुने गरी सुरक्षित तरिकाले सुरक्षण (प्रिजर्भेसन) गरी परीक्षणको लागि नेपाल सरकारको प्रयोगशाला वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम प्राप्त नमुना प्रयोगशालाको सम्बन्धित विषयको विज्ञले परीक्षण गरी सोको प्रतिवेदन अनुसूची-१५ङ. बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

२१ग. <u>विशेषज्ञ टोलीबाट परीक्षण गराउनु पर्ने</u> : (१) दफा २१क. वा २१ख. बमोजिम भएको परीक्षणबाट प्राप्त निष्कर्षको आधारमा थप विषयमा स्पष्ट हुन एक भन्दा बढी चिकित्सक वा विशेषज्ञको टोलीबाट मानव भित्री अङ्ग वा मानव डि. एन. ए. परीक्षण हुन उपयुक्त देखिएमा त्यस्तो टोली गठन गरी त्यस्तो अङ्ग वा मानव डि. एन. ए. परीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्ने टोलीले अनुसूची-१५ङ. बमोजिमको ढाँचामा प्रतिवेदन दिनु पर्नेछ।"

१४. <u>मूल संहिताको दफा २२ मा संशोधन</u> : मूल संहिताको दफा २२ को,-

(१) उपदफा (१) मा रहेका "सरकारी चिकित्सक" भन्ने शब्दहरू पछि "वा नेपाल सरकारले तोकेको चिकित्सक" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (६) को ठाउँ ठाउँमा रहेका "सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीलाई" भन्ने शब्दहरूको सट्टा "सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीलाई" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) जबरजस्ती करणी वा अन्य यौनजन्य हिंसा सम्बन्धी कसूर भए पीडित वा पीडकको शारीरिक तथा मानसिक अवस्थाको परीक्षण गर्नु पर्ने भएमा सरकारी अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक वा सो सम्बन्धी तालीमप्राप्त स्वास्थ्यकर्मीले सरकारी अस्पताल वा अनुमतिप्राप्त सामुदायिक अस्पतालमा परीक्षण गरी पीडित महिला भए अनुसूची-१६क. र

पीडित पुरूष भए अनसूची-१६ख. बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी बाटोको म्याद बाहेक तीन दिनभित्र अनुसन्धान अधिकारीलाई पठाउनु पर्नेछ।

तर सरकारी अस्पताल वा अनुमति प्राप्त सामुदायिक अस्पतालमा कुनै मनासिब कारणले परीक्षण गराउन सम्भव नभएको अवस्थामा अन्य कुनै अस्पतालमा परीक्षण गराउन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।"

१५. <u>मूल संहितामा दफा २४क.थप</u> : मूल संहिताको दफा २४ पछि देहायको दफा २४क. थपिएको छः-

"२४क. <u>सूचना माग गर्न सक्ने</u> : (१) कुनै कसूरको अनुसन्धानको सिलसिलामा दूरसञ्चार सेवा प्रदायकसँग कुनै सूचना वा विवरण माग गर्न आवश्यक देखिएमा अनुसन्धान गर्ने निकायको कार्यालय प्रमुखले दूरसञ्चार सेवा प्रदायक निकायसँग आवश्यक सूचना माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना माग भई आएमा दूरसञ्चार सेवा प्रदायक निकायले तत्काल त्यस्तो सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको सूचना जुन प्रयोजनको लागि माग भएको हो सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न हुँदैन।

तर त्यस्ता सूचना कसूर पुष्टि गर्न सहयोगी हुने भएमा गोपनीयता कायम हुने गरी अदालतसमक्ष पेस गर्नु पर्नेछ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "सूचना" भन्नाले कुनै व्यक्तिले प्रयोग गरिरहेको मोवाईल वा स्थायी टेलिफोनको कल डिटेल लगायत अपरेशनल डाटा, बि. टि. एस. लोकेशन, एस. एम. एस., एम. एम. एस., सी. डि. आर., युजर डिटेल, एस. आइ. एम. युजर लोकेशन, एस. आइ. एम. लोकेशन, कल वाइज लोकेशन, इन्टरनेट एक्टिभिटी, लग, आइ पि एड्रेस तथा सोसँग सम्बद्ध विवरणको विश्लेषणबाट सम्बन्धित देखिन आएका अन्य टेलिफोनका विवरण सम्झनु पर्छ।"

१६. <u>मूल संहिताको दफा ३०ख. थप</u> : मूल संहिताको दफा ३०क. पछि देहायको दफा ३०ख. थपिएको छ :-

"३०ख. <u>अभियुक्तको सम्पत्ति विवरण सङ्कलन गर्नुपर्ने</u> : (१) पीडितलाई अन्तरिम क्षतिपूर्ति वा राहात वा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने अनुसूची - १ अन्तर्गतको कसूरको अनुसन्धान गर्दा अनुसन्धान अधिकारीले त्यस्तो अभियुक्तको आर्थिक अवस्था खुल्ने गरी प्रचलित कानून बमोजिम निजको हक लाग्ने चल तथा अचल सम्पत्तिको विवरण समेत सङ्कलन गर्नुपर्नेछ र त्यस्तो विवरण अनुसन्धान प्रतिवेदन साथै राखी सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलित चल तथा अचल सम्पत्ति रोक्का राख्न अनुसन्धानको क्रममा भए त्यस्तो अनुसन्धानको अवधिभरका लागि अनुसन्धान अधिकारीले र

मुद्दा दायर भएको भए सरकारी वकिलले अदालतको अनुमति लिई सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्पत्ति रोक्का राख्न आवश्यक नदेखिएमा सरकारी वकिलले अदालतको अनुमति लिई रोक्का फुकुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउनेछ।"

१७. <u>मूल संहिताको दफा ३२ मा संशोधन</u> : मूल संहिताको दफा ३२ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ज१) पछि देहायको खण्ड (ज२) थपिएको छ :-

"(ज२) पीडित प्रभाव प्रतिवेदन,"

(ख) खण्ड (ञ१) मा रहेका "कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्ने शब्दहरूको सट्टा "दफा ६५ को उपदफा (१) को खण्ड (क) बमोजिमको निकाय वा संस्थामा बहाल रहेको पदाधिकारी वा कर्मचारी" भन्ने शब्दहरू राखिएका छन्।

(ग) खण्ड (ञ२) पछि देहायका खण्ड (ञ३) र (ञ४) थपिएका छन् :-

"(ञ३) फरार भएको अभियुक्तले निवृत्तिभरणको सुविधा पाएको भए सोको विवरण,

(ञ४) अभियुक्तको एकल स्वामित्वमा कुनै व्यवसाय रहेको भए त्यसको विवरण,"

(घ) खण्ड (ड) पछि देहायको खण्ड (ड१) थपिएको छ :-

"(ड१) खण्ड (ड) को प्रयोजनका लागि दफा ३०ख. बमोजिमको अभियुक्तको सम्पत्ति विवरण,"

(२) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

"(४क) यस दफाबमोजिम दायर भएको अभियोगपत्र अदालतमा पेस गर्नासाथ महान्यायाधिवक्ताको कार्यालय वा सम्बन्धित सरकारी वकिलको कार्यालयको वेबसाइटमा अपलोड गर्नु पर्नेछ।"

१८. <u>मूल संहिताको दफा ३३मा संशोधन</u> : मूल संहिताको दफा ३३ को,-

(१) उपदफा (१) मा रहेका "त्यस्तो अभियुक्तलाई" भन्ने शब्दहरू पछि "अपराध संहिताको दफा ४७ वा प्रचलित" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम सिफारिस भई आएको वा अनुसन्धान प्रतिवेदन वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग पुऱ्याएको वा दफा १६ बमोजिम बयान गर्दा अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी प्रमाण जुटाउन सहयोग गरेको र सजाय छुटको लागि माग गरेको देखिएमा सरकारी वकिलले त्यस्तो सिफारिस वा सहयोगलाई विचार गरी अपराध संहिताको दफा ४७ वा प्रचलित कानून बमोजिम त्यस्तो अभियुक्तको हकमा निजलाई हुने सजायमा छुट दिन उपयुक्त देखिएमा छुट दिन प्रस्ताव गरी शर्त सहितको मागदावी लिई अभियोगपत्र दायर गर्न सक्नेछ।"

(३) उपदफा (५) झिकिएको छ।

१९. <u>मूल संहितामा दफा ३३क.थप</u> : मूल संहिताको दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छ :-

"३३क. <u>रोक्का रहेको सम्पत्ति फुकुवा गर्नु पर्ने</u> : (१) कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा अनुसन्धान प्रतिवेदन पेस भई अभियोगपत्र दायर भएकोमा त्यस्तो सम्पत्ति रोक्का राखी राख्न आवश्यक नभएमा सरकारी वकिल वा सम्बन्धित व्यक्तिको निवेदन बमोजिम अदालतले त्यस्तो रोक्का सम्पत्ति फुकुवा गर्नु पर्नेछ।

(२) अनुसन्धानको क्रममा कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा सो व्यक्ति उपर मुद्दा नचलाउने निर्णय भएमा वा नचलाइएको भए सम्बन्धित सरकारी वकिलले रोक्का फुकुवा गर्ने निर्देशन दिनु पर्नेछ।

(३) अनुसन्धानको क्रममा रोक्का रहेकोमा अभियोग दाबी लिँदा अभियुक्तबाट असुल गर्नु पर्ने बिगो रकमभन्दा बढी सम्पत्ति रोक्का राखिएको रहेछ भने दाबी गरिएको हदसम्मको सम्पत्ति रोक्का राखी अन्य सम्पत्ति अदालतले फुकुवा गर्नु पर्नेछ।

(४) अदालतको आदेश बमोजिम रोक्का भएकोमा अभियोग लागेको व्यक्तिले सफाइ पाएमा वा निजले तिर्नु पर्ने दण्ड, जरिबाना वा क्षतिपूर्ति रकम तिर्न बुझाउन बाँकी नभएमा सम्बन्धित अदालतले त्यस्तो सम्पत्तिको रोक्का फुकुवा गरी दिनु पर्नेछ।"

२०. <u>मूल संहिताको दफा ३४ मा संशोधन</u> : मूल संहिताको दफा ३४ को उपदफा (३) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) दश हजार रूपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसूर,"

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) लेनदेनको जरियाबाट उठेको वा मिलापत्र हुने प्रकृतिको मुद्दामा क्षतिपूर्तिको दाबी भएकोमा पीडितले पाउनु पर्ने बिगो वा क्षतिपूर्ति रकम पाइसकेकोमा त्यस्तो कसूर।"

२१. **मूल संहिताको दफा ४२ मा संशोधन** : मूल संहिताको दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएको छ :-

"४२. **मुद्दा परिणत गरी कारबाही र किनारा गर्न सक्ने** : (१) अदालतमा दायर भएको कुनै सरकारवादी फौजदारी मुद्दामा प्रमाण बुझ्दै जाँदा अभियोग दाबीभन्दा भिन्न कसूर गरेको देखिएमा त्यस्तो मुद्दालाई सोही कसूर बमोजिमको मुद्दामा परिणत गरी त्यस्तो भिन्न कसूरबमोजिमको सजाय गर्न सकिनेछ।

(२) अदालतमा दायर भएको कुनै सरकारवादी फौजदारी मुद्दामा प्रमाण बुझ्दै जाँदा त्यस्तो मुद्दाको विषयवस्तु देवानी प्रकृतिको देखिएमा अदालतले देवानी मुद्दामा परिणत गरी सोही मुद्दाबाट थप कारबाही र किनारा गर्न सक्नेछ।"

२२. **मूल संहिताको दफा ४७ मा संशोधन** : मूल संहिताको दफा ४७ मा रहेका "निजको स्थायी बासस्थान" भन्ने शब्दहरूको सट्टा "निज वा पीडितको स्थायी बासस्थान" भन्ने शब्दहरू राखिएका छन्।

२३. **मूल संहितामा दफा ५३क. थप** : मूल संहिताको दफा ५३ पछि देहायको दफा ५३क. थपिएको छ :-

"५३क. **बयान प्रमाणित गराउने** : (१) अपराध संहिताको दफा २१९ बमोजिमको कसूरमा पीडित आफैंले उजुरी दिएमा सम्बन्धित प्रहरी कार्यालयले निजको तत्काल बयान लिई त्यस्तो बयान प्रमाणित गराउन नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्नेछ।

(२) प्रहरी कार्यालयले उपदफा (१) बमोजिम बयान प्रमाणित गराउन ल्याएमा त्यस्तो जिल्ला अदालतको न्यायाधीशले बयान निजलाई सुनाई निजले भने बमोजिम लेखिएको भए सोही व्यहोरा र भनेबमोजिम नभएमा सोही व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्नेछ।"

२४. **मूल संहिताको दफा ६१ मा संशोधन** : मूल संहिताको दफा ६१ को उपदफा (४) र (६) मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "पदाधिकारी वा कर्मचारी" भन्ने शब्दहरू राखिएका छन्।

२५. <u>मूल संहिताको दफा ६२ मा संशोधन</u> : मूल संहिताको दफा ६२ को उपदफा (१) मा रहेका "तामेल गर्न नसकिएकोमा" भन्ने शब्दहरू पछि "वा अभियोगपत्र दायर भएको छ महिना नाघेपछि" भन्ने शब्दहरू राखिएका छन्।

२६. <u>मूल संहिताको दफा ६३ मा संशोधन</u> : मूल संहिताको दफा ६३ को उपदफा (४) र (६) मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "पदाधिकारी वा कर्मचारी" भन्ने शब्दहरू राखिएका छन्।

२७. <u>मूल संहिताको दफा ६५ मा संशोधन</u> : मूल संहिताको दफा ६५ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित अधिकारी वा निकायले लेखी आए बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी भई पक्राउ हुन नसकेको वा फरार रहेको अभियुक्त अदालतमा उपस्थित भएमा उपदफा (३) बमोजिम कार्यान्वयन भएको सूचना रद्द गर्न अदालतले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउनु पर्नेछ।"

२८. <u>मूल संहिताको दफा ६७ मा संशोधन</u> : मूल संहिताको दफा ६७ को उपदफा (२) को खण्ड (क) को सुरुमा "दफा ३३ बमोजिम सजाय छुटको दाबी भएको बाहेकका मुद्दामा" भन्ने शब्दहरू थपिएका छन्।

२९. <u>मूल संहिताको दफा ६८ मा संशोधन</u> : मूल संहिताको दफा ६८ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले अभियुक्तको सम्पत्ति वा बैङ्क खाता रोक्का राखेकोमा अदालतले धरौटी माग गरेको अवस्थामा रोक्का रहेको सम्पत्ति वा बैङ्क खातामा रहेको रकमले खामेसम्मको रकमलाई धरौटी कायम गरी बाँकी रकम वापत थप धरौट वा जमानत वा बैङ्क जमानत माग गर्नु पर्नेछ।"

३०. <u>मूल संहिताको दफा ७३ मा संशोधन</u> : मूल संहिताको दफा ७३ मा रहेका "चित्त नबुझ्ने पक्षले" भन्ने शब्दहरू पछि "आदेश भएको वा थाहा पाएको मितिले तीस दिनभित्र" भन्ने शब्दहरू थप गरिएको छ।

३१. <u>मूल संहितामा दफा ७४क.थप</u> : मूल संहिताको दफा ७४ पछि देहायको दफा ७४क. थपिएको छः-

"७४क.**स्थानहदको आदेश दिन सक्ने** : (१) अदालतले थुनछेकको आदेश गर्दा कसूरको गाम्भीर्यता हेरी अभियुक्तलाई थुनामा राख्नुको सट्टा विद्युतीय निगरानी यन्त्र प्रयोग गरी वा नगरी तोकिएको स्थानभन्दा बाहिर जान नपाउने गरी स्थानहदको आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतले विद्युतीय निगरानी यन्त्र प्रयोग गरी तोकिएको स्थानभन्दा बाहिर जान नपाउने गरी स्थानहदको आदेश दिएकोमा विद्युतीय निगरानी यन्त्रको खर्च अभियुक्त आफैंले व्यहोर्नु पर्नेछ र निजले उक्त खर्च व्यहोर्न इन्कार गरेमा निजलाई पुर्पक्षको लागि थुनामा पठाउनु पर्नेछ।"

३२. **मूल संहिताको दफा ९५ मा संशोधन** : मूल संहिताको दफा ९५ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ :-

"(ग) कडा रोग लागेको कारण हिँडडुल गर्न नसकेको वा त्यस्तो रोगको उपचार वा दुर्घटनामा परी उपचारको क्रममा अस्पतालमा भर्ना भएको कारणले तोकिएको तारिखमा अदालतमा उपस्थित हुन नसक्ने भएमा।"

३३. **मूल संहिताको दफा ९८ मा संशोधन** : मूल संहिताको दफा ९८ को सट्टा देहायको दफा ९८ राखिएको छ :-

"९८. **अभियुक्त उपस्थित नभए पनि मुद्दाको कारबाही र किनारा गर्नु पर्ने** : (१) अभियोगपत्र दायर भई अदालतबाट जारी भएको समाह्वान तामेल भएको मितिले पैंतीस दिनभित्र अभियुक्त अदालतमा हाजिर नभएमा वा निजलाई अदालतमा उपस्थित गराउन नसकिएमा अदालतले आवश्यक प्रमाण बुझी बुझिएसम्मको प्रमाणको आधारमा मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतमा अनुपस्थित अभियुक्तको अंश हक लाग्ने सम्पत्ति अदालतले तत्काल रोक्का राख्नु पर्नेछ र फैसला हुँदा निज कसूरदार ठहरेमा कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त भएको रकममध्ये निजलाई फैसला बमोजिम लागेको दण्ड, जरिबाना, बिगो वा क्षतिपूर्ति बापतको रकम असूल उपर गरिनेछ र बाँकी रकम निजले फिर्ता माग गर्न आएको बखत फिर्ता दिनु पर्नेछ।

(३) अदालतबाट कसूरदार ठहरिएको व्यक्तिले अदालतबाट जारी भएको म्याद आफूले थाहा नपाएको कारण सुनुवाई प्रक्रियाबाट वञ्चित भएको भन्ने विश्वासयोग्य प्रमाण पेस गरेमा पुनरावेदन सुन्ने अदालतले बयान लिई थुनछेकको आदेश गर्न र त्यसपछि यस संहिता बमोजिमको सुनुवाइ, कारबाही र किनारा गर्नु भनी सम्बन्धित सुरु अदालतमा तारिख तोकी पठाइदिनु पर्नेछ।"

३४. **मूल संहिताको दफा १०३ मा संशोधन** : मूल संहिताको दफा १०३ को सट्टा देहायको दफा १०३ राखिएको छ :-

"१०३. <u>सहअभियुक्तले जिरहको लागि निवेदन दिन सक्ने</u> : (१) कुनै अभियुक्तले प्रमाण बुझ्ने क्रममा कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरहको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अदालतले मिति तोकी जिरहको लागि आदेश गर्नु पर्नेछ।"

३५. <u>मूल संहिताको दफा १०४ मा संशोधन</u> : मूल संहिताको दफा १०४ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) उपदफा (७) बमोजिम प्रमाण कागज जाँच भई आएपछि पक्षले दाबी गरेको कुरा प्रमाणित भएमा कीर्ते वा जालसाजी गर्ने पक्षलाई अदालतले सोही मुद्दाबाट आवश्यक कारबाही गरी अपराध संहिताको भाग-२, परिच्छेद-२५ बमोजिमको सजाय गर्न र दाबी प्रमाणित हुन नसकेमा कीर्ते वा जालसाजी दाबी गर्ने पक्षलाई अपराध संहिताको दफा ९८ बमोजिम झुट्टा उजुरी दिएको कसूरमा हुने सरहको सजाय गर्न सक्नेछ।"

३६. <u>मूल संहिताको दफा ११२ मा संशोधन</u> : मूल संहिताको दफा ११२ को उपदफा (२) मा रहेका "बुझ्नु पर्ने देखेमा" भन्ने शब्दहरू पछि "वा अदालतलाई कुनै साक्षी नबुझी नहुने भन्ने लागेमा" भन्ने शब्दहरू थपिएका छन्।

३७. <u>मूल संहिताको दफा ११६ मा संशोधन</u> : मूल संहिताको दफा ११६ को,-

(१) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) नेपाल सरकारवादी हुने मुद्दामा तल्लो तहको अदालतबाट भएको फैसलाउपर चित्त नबुझी कुनै प्रतिवादीले दायर गरेको पुनरावेदन निजले चाहेमा फिर्ता लिनको लागि निवेदन दिन सक्नेछ।"

(२) उपदफा (६) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरू पछि "वा (५क)" भन्ने शब्दहरू राखिएका छन्।

३८. <u>मूल संहिताको दफा ११७ मा संशोधन</u> : मूल संहिताको दफा ११७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हानि- नोक्सानी भएको मुद्दामा बाहेक नेपाल सरकारवादी भई चलेको देहायका मुद्दाहरूमा जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयनको अवस्थामा रहेको भए तापनि प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी

सम्बन्धित सरकारी वकिल समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिब देखिएमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछः-

(क) ठगी,

(ख) वैदेशिक रोजगार सम्बन्धी मुद्दा,

(ग) अनुचित लेनदेन,

(घ) आपराधिक विश्वासघात वा आपराधिक लाभ,

(ङ) चेक अनादर वा ऋण चुक्ता नगरेको कारणले उत्पन्न भएको बैङ्किङ् कसूर,

(च) ठेक्का वा करारको काममा फरक पार्ने सम्बन्धी मुद्दा,

(छ) सर्वसाधारणको सम्पत्तिको हानि-नोक्सानी सन्निहित रहेको मुद्दा,

(ज) सार्वजनिक शान्तिमा असर नपर्ने व्यक्तिगत व्यवहारको अन्य सरकारवादी मुद्दा,

(झ) प्रचलित कानूनबमोजिम मिलापत्र हुने अन्य मुद्दा।"

३९. <u>मूल संहिताको दफा १३० मा संशोधन</u> : मूल संहिताको दफा १३० को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा उपस्थित भई बयान नदिएको वा अनुसूची-४ बमोजिमको मुद्दा भए प्रतिउत्तरपत्र दाखिला नगरेको अभियुक्त वा प्रतिवादी वा बयान दिई वा प्रतिउत्तरपत्र दाखिला गरिसकेपछि तारेख गुजारेको अभियुक्त वा प्रतिवादीले कानून व्यवसायी नियुक्त गरी आफ्नो तर्फबाट बहस पैरवी गराउन सक्ने छैन।

तर तारेख गुजार्नु अघि नै आफू उपर लागेको आरोप खण्डन गर्न वा आफ्नो तर्फबाट प्रतिरक्षा गर्न अभियुक्त वा प्रतिवादीले कुनै कानून व्यवसायी नियुक्त गरिसकेको रहेछ भने त्यसरी नियुक्त भएको कानून व्यवसायीलाई निजको तर्फबाट बहस पैरवी गर्न अदालतले अनुमति दिन सक्नेछ।"

४०. <u>मूल संहिताको दफा १३३ मा संशोधन</u> : मूल संहिताको दफा १३३ को उपदफा (२) मा रहेका "कायम गर्ने" भन्ने शब्दहरूको सट्टा "कायम गरी मृतकको हकवालाबाट त्यस्तो बिगो वा क्षतिपूर्ति भराउने" भन्ने शब्दहरू राखिएका छन्।

४१. <u>मूल संहिताको दफा १३४ मा संशोधन</u> : मूल संहिताको दफा १३४ को,-

(१) उपदफा (३) झिकिएको छ।

(२) उपदफा (४) मा रहेका "फैसला भएको मितिले एक वर्षको अवधि" भन्ने शब्दहरुको सट्टा "फैसला प्रमाणीकरण भएको मितिले छ महिनाको अवधि" भन्ने शब्दहरु राखिएका छन्।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

४२. <u>मूल संहितामा दफा १३४क. र १३४ख.थप</u> : मूल संहिताको दफा १३४ पछि देहायका दफा १३४क. र १३४ख. थपिएका छन् :-

"१३४क. <u>पुनरावेदन नलाग्ने</u> : दफा १३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३३ बमोजिम सजाय कम गर्ने गरी माग दाबी लिई अभियोगपत्र दायर भएकोमा त्यस्तो अभियोगपत्र बमोजिम सजाय हुने गरी भएको फैसला उपर सोही व्यक्तिको हकमा पुनरावेदन लाग्ने छैन।

तर त्यस्तो फैसलामा कुनै कानूनी प्रश्न समावेश भएको रहेछ भने त्यस्तो प्रश्नको निरूपणको लागि पुनरावेदन गर्न सकिनेछ।

१३४ख. <u>पुनरावेदन लाग्न नसक्ने अवस्था</u> : दफा १३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा पुनरावेदन लाग्न सक्ने छैन :-

(क) कानूनबमोजिम म्याद प्राप्त भए वा तामेल भएपछि अदालतमा उपस्थित नभई वा प्रतिरक्षा नगरी म्याद गुजारेको भएमा,
(ख) मुद्दा फिर्ता लिएको भएमा,
(ग) मुद्दामा मिलापत्र वा मेलमिलाप गरेको भएमा,
(घ) दफा ३४ बमोजिम मुद्दा दायर नगर्ने निर्णय भएमा।"

४३. <u>मूल संहिताको दफा १४४ मा संशोधन</u> : मूल संहिताको दफा १४४ को उपदफा (१) को खण्ड (ङ) को अन्त्यमा स्पष्टीकरण थपिएको छः-

"<u>स्पष्टीकरण</u> : यस खण्डको प्रयोजनको लागि "आनुषङ्गिक वा प्रासङ्गिक परिवर्तन" भन्नाले फैसलामा कानूनी व्यवस्था उद्धृत गर्दा भएको त्रुटि वा भाषिक वा व्याकरणात्मक त्रुटि वा गणितीय त्रुटि वा फैसलाको प्रकरणको क्रम सङ्ख्यामा गल्ती भई वा शाब्दिक रूपमा एकरूपता नभई उत्पन्न सामान्य त्रुटिलाई सच्याई गरिने सुधार सम्झनु पर्छ।"

४४. <u>मूल संहिताको दफा १४५ मा संशोधन</u> : मूल संहिताको दफा १४५ को उपदफा (१क) मा रहेका "कसूर गरेको कुरामा अदालतमा साबित भएकोमा त्यस्तो" भन्ने शब्दहरू झिकिएका छन्।

४५. <u>मूल संहिताको दफा १५१ मा संशोधन</u> : मूल संहिताको दफा १५१ को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्:-

"(६) जिल्ला अदालत बाहेकका शुरू अधिकार क्षेत्र ग्रहण गरी फैसला गर्ने उच्च अदालत र न्यायाधीकरणहरूले आफ्नो शुरू फैसलाबमोजिम राख्नु पर्ने दण्ड, जरिबाना, क्षतिपूर्ति वा अन्य लगत तयार गरी सोको अभिलेख आफ्नो अड्डामा राखी असुलीको लागि फैसला सहितको जानकारी

सम्बन्धित जिल्ला अदालतलाई दिनु पर्नेछ र त्यस्तो लगत खडा गरिएको जानकारी सम्बन्धित जिल्ला अदालतबाट प्राप्त भएपछि मात्र आफ्नो लगत कट्टा गर्नु पर्नेछ।

(७) अदालतको फैसलाबमोजिम कसूरदारलाई दिएको कैदी पूर्जीमा कुनै कारण संशोधन गर्नुपर्ने भएमा इजलाससमक्ष पेस गरी भएको आदेश बमोजिम गर्नु पर्नेछ।"

४६. <u>मूल संहितामा दफा १५४क.थप</u> : मूल संहिताको दफा १५४ पछि देहायको दफा १५४क. थपिएको छः-

"१५४क. <u>कैद वा जरिबाना छुट हुन सक्ने</u> : (१) दफा १५४ मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको फैसलाबमोजिम कसूरदार ठहर भएको व्यक्तिले फैसलाको सूचना पाएको साठी दिनभित्र स्वेच्छाले अदालतमा आफैं उपस्थित भई फैसला बमोजिमको कैद वा जरिबाना कार्यान्वयन गर्न अदालतलाई सहयोग गरेमा त्यस्तो व्यक्तिले ठहर भएको कैद वा जरिबाना वा दुवै सजायको बीस प्रतिशत छुट पाउनेछ।

(२) उपदफा (१) बमोजिम कसूरदार ठहर भएको व्यक्ति उपस्थित भएमा सम्बन्धित अदालतले सोही दिन कैदी पूर्जी जारी गरी त्यस्तो व्यक्तिलाई सम्बन्धित कारागारमा पठाउनु पर्नेछ।

(३) दफा १५४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा अदालतबाट फैसला हुँदा बिगो रकममा आधारित भई कसूरदारलाई कैद तोकिएकोमा निजले अदालतबाट तोकिएको बिगो, जरिबाना र क्षतिपूर्ति रकम पूरै वा आंशिक रूपमा भुक्तान गरेमा सोही अनुपातमा निजलाई तोकिएको कैद सजायमा छुट हुनेछ।"

४७. <u>मूल संहिताको दफा १५८ मा संशोधन</u> : मूल संहिताको दफा १५८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१) बमोजिम मृत्यु भई वा मृत्युको न्यायिक घोषणा भई कैद वा जरिबाना स्वतः मिनाहा भएको व्यक्ति पछि जिवितै रहेको प्रमाणित भएमा निजलाई लागेको कैद वा जरिबानाको लगत पुनः खडा गरी असुल गर्नु पर्नेछ।"

४८. <u>मूल संहिताको दफा १५९ मा संशोधन</u> : मूल संहिताको दफा १५९ को उपदफा (४) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) जबरजस्ती करणी गरी ज्यान मारेको,"

४९. <u>मूल संहितामा दफा १५९क.थप</u> : मूल संहिताको दफा १५९ पछि देहायको दफा १५९क. थपिएको छ :-

“१५९क. **असल चाल चलन भएमा अन्य सुधारको माध्यम प्रयोग गरिने** : कैदमा रहेको व्यक्तिले कैदमा रहँदा असल चाल चलन भएमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम सामुदायिक सेवामा लगाउन, कैद सजाय निलम्बन गर्न, सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न, खुल्ला कारागारमा राख्न वा प्यारोलमा राख्न, सामाजिकीकरण गर्न वा कैद बापत शारीरिक श्रममा लगाउन वा अन्य सुधारात्मक काममा लगाउन सकिनेछ।”

५०. **मूल संहितामा दफा १६२क., १६२ख., १६२ग. र १६२घ.थप** : मूल संहिताको दफा १६२ पछि देहायका दफा १६२क. १६२ख., १६२ग. र १६२घ. थपिएका छन् :-

“१६२क. **बिगो निर्धारण** : (१) नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय निरूपणको क्रममा वस्तुनिष्ट रूपमा बिगो निर्धारण गर्नु पर्नेछ।

(२) कुनै सम्पत्ति वा वस्तुको हकमा खरिद गरिएको बिल भरपाई बमोजिमको वास्तविक मूल्य वा बील भरपाई नभएमा वा खरिद मूल्य भन्दा हालको मूल्य बढी भएमा हालको बजार मूल्यको आधारमा बिगो निर्धारण गर्न पर्नेछ।

तर वस्तु प्रयोग भएको तरिका, वस्तुको अवस्था र गुणस्तर हेरी ह्रास कट्टी गर्नु पर्नेमा सो कट्टी गरी बिगो निर्धारण गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनको लागि “बजार मूल्य” भन्नाले वस्तुको अन्तिम उपभोक्ता मूल्य सम्झनु पर्छ।

(३) कुनै कारोबारजन्य कसूरका सम्बन्धमा बैङ्क स्टेटमेण्ट वा अन्य विद्युतीय कारोबार वा चेक भुक्तानी वा पासबुक वा लिखत, सम्झौता वा करार, आदिबाट खुल्ने रकममध्ये कसूरदारले कसूरसँग सम्बन्धित कारोबार वा सो कारोबारबाट कसूरदारले प्राप्त गरेको प्रतिफल वा राज्यलाई भएको हानि-नोक्सानीको आधारमा बिगो कायम गर्नु पर्दछ।

(४) घरजग्गा जस्ता अचल सम्पत्तिको बिगो निर्धारण, रजिष्ट्रेसन वा लिखत हुँदा उल्लेख भएको रकमलाई बिगो मानिनेछ।

तर तेस्रो पक्षको नाममा कायम भई जफत नहुने अवस्थामा वा लिखतमा मूल्य उल्लेख नभएमा वा लिखत भएको तीन वर्ष पूरा भएको अवस्थामा लिखतमा उल्लेख भएको रकम र कसूर हुँदाको बखतको अचल सम्पत्तिको मालपोत प्रयोजनको लागि निर्धारित मूल्य मध्ये जुन बढी हुन्छ सोही अङ्कलाई बिगो मानिनेछ।

(५) लेनदेन वा सम्पत्ति सम्बन्धी जरियावाट उत्पन्न भएको कसूरका सम्बन्धमा शंकित व्यक्ति वा अभियुक्तले बयान गर्दा वा सुनुवाईको क्रममा पेस गरेको प्रमाणबाट दाबी गरिएको बिगोमा पूरै वा आंशिक रूपमा तिरिसकेको वा फिर्ता गरेको भए सो कट्टी गरी कायम हुन आउने अङ्कलाई बिगो मानिनेछ।

(६) कलाकृति, प्राचीन गहना, अद्वितीय वस्तु वा तत्काल बजारमा आम रूपमा खरिद बिक्री नहुने मालवस्तुको हकमा वस्तुको अवस्था तथा दुर्लभतालाई आधार लिई पुरातत्व विभाग वा अन्य विशेषज्ञबाट मूल्याङ्कन गरी आउने अङ्कलाई बिगो मानिनेछ।

(७) प्रत्यक्ष रूपमा नभई कसूर गर्ने क्रममा हुन पुगेको हानी, नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी वापतको वा कुनै सामान नै तोडफोड वा अन्य कारणले काम नलाग्ने भएमा वा अन्य तवरले मर्मत गर्नुपर्ने वा बनाउनुपर्ने अवस्थामा नयाँ खरिद गर्दा वा बनाउँदा लाग्ने खर्चको मूल्याङ्कन गरी बिगो निर्धारण गर्नु पर्नेछ र कसूरदारवाट बिगो भराउँदा अप्रत्यक्ष रूपमा भएको हानिलाई समेत यकिन गरी बिगो निर्धारण गर्नु पर्नेछ।

(८) बिगो निर्धारणका सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था वा मापदण्ड तोकेको भए सो बमोजिम कायम हुन आउने वास्तविक अङ्कलाई बिगो मानिनेछ।

(९) अभौतिक सम्पत्ति जस्तै ट्रेडमार्क वा अन्य बौद्धिक सम्पत्तिको रकम यकिन गर्नु पर्दा वा यस दफामा अन्य तवरले उल्लेख भए बमोजिम बिगो निर्धारण हुने अवस्था नभएमा मूल्याङ्कनकर्ता निकाय वा मूल्याङ्कनकर्ता (भ्यालुयटर) बाट निर्धारण गरिएको मूल्यको आधारमा बिगो निर्धारण गर्नु पर्नेछ।

(१०) ठगी सम्बन्धी कसूरमा पीडितले उल्लेख गरेको अङ्कलाई अन्य प्रमाणले समर्थन गरेमा त्यस्तो अङ्कलाई बिगो मानिनेछ।

(११) चोरीजन्य कसूरमा चोरी भएको धनमाल फेलापरेमा सोही धनमालको मूल्य वा धनमाल फेला नपरेमा त्यस्तो धनमालको मूल्यको आधारमा बिगो निर्धारण गर्नु पर्नेछ।

(१२) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा कसूरदारले कसूरबाट आर्जन गरेको पुष्टि हुने वास्तविक बिगो वा सो को प्रयोग गरी वा एकरूपबाट अर्को रूपमा रूपान्तरण वा हस्तान्तरण गरी बढे बढाएको सम्पत्तिलाई समेत बिगोमा जोडी हिसाब गरिनेछ।

(१३) यस दफा बमोजिमको बिगो यकिन हुन नसकेमा दफा १९४ बमोजिमको समन्वय समितिको सिफारिस बमोजिम महान्यायाधिवक्ताको कार्यालयले कुनै निर्देशन दिएकोमा सोही बमोजिम र सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएकोमा सोहीबमोजिम बिगो निर्धारण हुन सक्नेछ।

तर महान्यायाधिवक्ताको कार्यालबाट कुनै निर्देशन नभएमा वा सर्वोच्च अदालतबाट सो सम्बन्धमा कुनै सिद्धान्त प्रतिपादन नभएकोमा बिगो निर्धारणको लागि विज्ञ समूह बनाई निर्धारण भएको अङ्कलाई बिगो मानिनेछ।

(१४) कुनै कसूरको सम्बन्धमा कसूरबाट भएको क्षतिपूर्ति दाबी गरेकोमा सो विषयलाई बिगोमा कायम गर्न पाइने छैन।

१६२ख.<u>कसूरमा पीडितको संलग्नता भएमा बिगो घट्ने</u> : पीडितको लापरवाही वा हेलचेक्र्याईंको कारणबाट वा कसूर गर्ने कार्यमा समेत पीडितको पूर्ण वा आंशिक रूपमा संलग्नता भई पीडित स्वयंलाई क्षति पुग्न गएको रहेछ भने सो अवस्थामा वास्तविक हानि-नोक्सानी वा क्षतिमा पीडितको संलग्नताको मात्रा घटाई कायम हुन आउने रकम वा क्षतिलाई आधार मानी बिगो निर्धारण गर्नु पर्नेछ।

१६२ग.<u>अभियोगपत्रमा बिगो यकिन गर्नु पर्ने</u> : (१) अनुसन्धान गर्ने निकायले अनुसन्धान प्रतिवेदन पेस गर्दा वा सरकारी वकिलले अभियोगपत्र पेस गर्दा छुट्टै प्रकरणमा प्रत्येक कसूरदारले तिर्नु बुझाउनु पर्ने बिगो तालिका समेत बनाई पेस गर्नु पर्नेछ।

(२) कुनै कसूरको कसूरदारहरू एकभन्दा बढी भएमा कसूरदारको संलग्नताको आधारमा कुन प्रतिवादीबाट कति बिगो भराउनु पर्ने हो अभियोग पत्रमा खुलाउने र यकिन गर्न नसकिने भएमा कारण खोली कुन कुन कसूरदारको हकमा कति कति दावी गरिएको हो छुट्टा छुट्टै उल्लेख गर्नु पर्नेछ।

(३) अभियोगपत्र दायर भइसकेपछि सोमा खुलाइएको बिगो पछि प्राप्त भएको प्रमाणका आधारमा घट्ने वा बढ्ने भएमा सोको कारण खोली अदालतमा संशोधित बिगो मागदाबी पेस गर्न सकिनेछ।

१६२घ.<u>बिगो निर्धारण गर्न सेवा लिन सकिने</u> : (१) सरकारवादी हुने फौजदारी मुद्दाको अनुसन्धान निकाय वा अभियोजन गर्ने सरकारी वकिल कार्यालय वा अदालतले स्वयम् बिगो निर्धारण गर्न असमर्थ भई बिगो यकिन गर्न लेखा परीक्षण सेवा वा अन्य विशेषज्ञ सेवा लिनु पर्ने भएमा कारण खोली त्यस्तो सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा सम्भव भएसम्म लेखा परीक्षणसँग सम्बन्धित भए महालेखा परीक्षक वा मातहतका कार्यालयबाट र अन्य सेवा सम्भव भएसम्म सरकारी निकायबाट लिनु पर्नेछ र त्यस्तो निकायले सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी निकायबाट सेवा पाउन नसक्ने अवस्थामा दर्तावाल अडिटर वा चार्टर्ड एकाउन्टेन्ट वा अन्य विशेषज्ञको सेवा लिन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम सेवा लिंदा लाग्ने शुल्क नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।"

५१. <u>मूल संहिताको दफा १६६ मा संशोधन</u> : मूल संहिताको दफा १६६ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम भराउँदा देहाय बमोजिमको प्राथमिकताक्रमको आधारमा भराई दिनु पर्नेछः-

(क) क्षतिपूर्ति,
(ख) क्षतिपूर्ति शुल्क,
(ग) बिगो,
(घ) सरकारी बिगो,
(ङ) जरिबाना,
(च) अन्य कुनै रकम भए त्यस्तो रकम।"

(२) ठाउँ ठाउँमा रहेका "जरिबाना, बिगो, क्षतिपूर्ति वा" भन्ने शब्दहरूको सट्टा "क्षतिपूर्ति, बिगो, जरिबाना वा" भन्ने शब्दहरू राखिएका छन्।"

५२. <u>मूल संहिताको दफा १६८ मा संशोधन</u> : मूल संहिताको दफा १६८ को,-

(१) दफा शीर्षक तथा उपदफा (५) मा रहेका "बिगो, क्षतिपूर्ति वा अन्य रकम" भन्ने शब्दहरूको सट्टा "क्षतिपूर्ति, बिगो वा अन्य रकम" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१), (२), (३), (४), र (६) मा ठाउँ ठाउँमा रहेका "बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम" भन्ने शब्दहरूको सट्टा "क्षतिपूर्ति, बिगो वा अन्य रकम" भन्ने शब्दहरू राखिएका छन्।

५३. <u>मूल संहिताको दफा १६९क. मा संशोधन</u> : मूल संहिताको दफा १६९क. को सट्टा देहायको दफा १६९क. राखिएको छ :-

"१६९क. <u>हदम्याद</u> : (१) प्रचलित कानूनबमोजिम हदम्याद तोकिएकोमा सोहीबमोजिम र हदम्याद नतोकिएकोमा जहिलेसुकै मुद्दा गर्न सकिनेछ।

(२) प्रचलित कानूनमा थाहा पाएको मितिले हदम्याद कायम हुने भनी उल्लेख भएकोमा नेपाल सरकारवादी भई चल्ने मुद्दाको हकमा अनुसन्धान गर्ने निकायले थाहा पाएको मितिले हदम्याद कायम हुनेछ।

(३) कुनै मुद्दाको अनुसन्धानको क्रममा नेपाल बाहिरबाट सूचना वा विवरण सङ्कलन गरेर मात्र मुद्दा दायर गर्न सकिने अवस्था भएमा त्यस्तो मुद्दाको हकमा अनुसन्धान गर्ने निकायले सूचना वा विवरण पाउनका लागि अनुरोध गरेकोमा नेपाल बाहिरको सम्बन्धित निकायबाट सूचना वा विवरण प्राप्त भएपछिको मितिले हदम्याद कायम हुनेछ ।"

५४. <u>मूल संहिताको दफा १८० मा संशोधन</u> : मूल संहिताको दफा १८० को उपदफा (५) मा रहेका "नेपाल सरकार वादी हुने कुनै खास मुद्दामा" भन्ने शब्दहरू पछि "वा नेपाल सरकारको हित वा सरोकार रहेका मुद्दामा" भन्ने शब्दहरू थपिएका छन्।

५५. **मूल संहितामा दफा १८४क.थप** : मूल संहिताको दफा १८४ पछि देहायको दफा १८४क. थपिएको छ :-

"१८४क. **जैविक विवरण (बायोमेट्रिक) लिनु पर्ने** : अदालतले अभियोग पत्रसाथ उपस्थित गराइएका अभियुक्तको अभियोग पत्र दर्ता गर्दाका बखत र अदालतबाट जारी म्यादमा उपस्थित अभियुक्तको हकमा थुनछेक आदेशपछि धरौटी वा जमानत स्वीकार गर्दा निजको जैविक विवरण (बायोमेट्रिक) लिई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

तर राष्ट्रिय परिचय नम्बर भएकोमा छुट्टै जैविक विवरण (बायोमेट्रिक) लिनु पर्ने छैन।"

५६. **मूल संहिताको दफा १८९ मा संशोधन** : मूल संहिताको दफा १८९ को,-

(१) दफा शीर्षक पछि "(१)" भन्ने अङ्क थपी सोही उपदफामा रहेका "दफा ९९ बमोजिमको बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "दफा ८९, ९१, ९९, १६७, २००, २०१, २०२, २०३, २०६ बमोजिमको कसूरका सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "त्यसरी बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको देखिएमा त्यस सम्बन्धमा" भन्ने शब्दहरूको सट्टा "मुद्दा चलाउन आवश्यक देखिएमा सो सम्बन्धमा" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) उपदफा (१) र (३) बमोजिमको समितिले अनुसन्धान अधिकारीको अधिकार प्रयोग गर्नेछ।"

५७. **मूल संहिताको दफा १९३क. मा संशोधन** : मूल संहिताको दफा १९३क. को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूर ठहर भई कैदमा रहेको कसूरदारले त्यस्तो कसूरको सम्बन्धमा कैदमा रहेको कार्यालय मार्फत उजुरी, निवेदन, फिरादपत्र, प्रतिउत्तरपत्र र पुनरावेदनपत्र दिँदा कुनै दस्तुर लाग्ने छैन।"

५८. **मूल संहिताको अनुसूची-१ मा संशोधन** : मूल संहिताको अनुसूची-१ को प्रकरण १ को खण्ड (क) को,-

(१) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः-

"(२क) परिच्छेद-३ को दफा ८१, ८२, ८४ र ८५"

(२) उपखण्ड (३) मा रहेका “९२, ९३, ९४ र १०२” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरूको सट्टा “८९, ९०, ९१, ९२, ९३, ९४, ९५, ९९, १००, १०१ र १०२” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरू राखिएका छन्।

(३) उपखण्ड (४) मा रहेका “१०६, ११०” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरूको सट्टा “१०६, १०७, १०८, १०९, ११०, ११०क., १११” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरू राखिएका छन्।

(४) उपखण्ड (१३) मा रहेका “१९३ र १९४” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरूको सट्टा “१९३, १९४ र १९५” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरू राखिएका छन्।

(५) उपखण्ड (१७) मा रहेका “२१९, २२१” भन्ने दफा सङ्ख्या जनाउने अङ्कहरूको सट्टा “२१९, २१९क., २२० को उपदफा (२) को खण्ड (क), २२१” भन्ने शब्दहरू राखिएका छन्।

(६) उपखण्ड (२२) मा रहेका “उपदफा (३) को खण्ड (क), (ख)” भन्ने शब्दहरूको सट्टा “उपदफा (३) को खण्ड (क), (क१), (ख),” भन्ने शब्दहरू राखिएका छन्।

५९. मूल संहिताको अनुसूची-४ मा संशोधन : मूल संहिताको अनुसूची-४ को प्रकरण १ को खण्ड (क) को उपखण्ड (३) मा रहेका “दफा २२०” भन्ने शब्दहरूको सट्टा “दफा २२० को खण्ड (ख), (ग) र (घ)” भन्ने शब्दहरू राखिएका छन्।

६०. मूल संहितामा अनुसूची-१०क., अनुसूची-१५क., अनुसूची-१५ख., अनुसूची-१५ग., अनुसूची-१५घ., अनुसूची-१५ङ., अनुसूची-१६क. र अनुसूची-१६ख.थप : मूल संहिताको अनुसूची-१० पछि संलग्न अनुसूची-१०क., अनुसूची-१५ पछि संलग्न अनुसूची-१५क., अनुसूची-१५ख., अनुसूची-१५ग., अनुसूची-१५घ. र अनुसूची-१५ङ. तथा अनुसूची-१६ पछि संलग्न अनुसूची-१६क. र अनुसूची-१६ख. थपिएका छन् :-

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

"अनुसूची-१०क.

(दफा १६ को उपदफा (२क) सँग सम्बन्धित)

**सजाय छुटको जानकारी दिने ढाँचा**

..................कार्यालय

(कार्यालय रहेको स्थान)

मितिः..............................

श्री ............ (अभियुक्तको नाम)

...................... (ठेगाना)

मिति....................जाहेरी/सूचना बमोजिम.................कसूरको अनुसन्धानको सिलसिलामा तपाईलाई हिरासतमा लिइएको छ। सो कसूर तपाई समेतको संलग्नतामा भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको हुनाले तपाईले कसूर स्वीकार गरी कसूरमा अनुसन्धान अधिकारी वा अभियोजन पक्षलाई प्रमाण जुटाउन वा कसूर गर्ने अन्य व्यक्तिलाई पक्राउ गर्न सहयोग गर्नु भएमा कानून बमोजिम हुने सजायमा छुट हुने गरी अभियोजनपत्र अदातलमा दायर गर्न सकिने भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ को उपदफा (२क) को प्रयोजनका लागि देहायको जानकारी गराइएको छः-

(१) कसूर स्वीकार गरी लेखिए बमोजिम तपाईबाट सहयोग भएमा तपाईले सजाय छुटको सुविधा तपाईले प्राप्त गर्नु हुनेछ।

(२) कसूरको सिलसिलामा तपाईले दिनु भएको बयान लिखित रूपमा वा श्रव्यदृष्य माध्यमको रूपमा अभिलेख गरिनेछ र अभियोजनको प्रमाणको रूपमा राखिनेछ।

(३) तपाईले दिएको सूचना वा प्रमाण झुठ्ठा देखिएमा वा तपाईले कसूरको अनुसन्धानमा सहयोग नगरेमा तपाईले सजाय छुटको सुविधा पाउनु हुने छैन।

(४) तपाईले कसूर स्वीकार नगरेमा वा अनुसन्धानमा सहयोग नगरेमा कसूरको अनुसन्धानबाट प्राप्त सवुद र प्रमाणको आधारमा कानून बमोजिम तपाईका विरूद्ध अभियोग पत्र दायर हुनेछ।

अनुसन्धान अधिकृत

मितिः

अनुसूची -१५क.

(दफा २०क. को उपदफा (३) सँग सम्बन्धित)

**शवोत्खनन् मुचुल्काको ढाँचा**

श्री ..........................प्रहरी कार्यालय ...................बाट...................(फलाना ठाउँ) मा खडा गरेको शवोत्खनन् मुचुल्का।

१. दरखास्त वा सूचनाको छोटकरी विवरणः

.................................................................................................
.................................................................................................
.................................................................................................

२. शङ्कास्पद घटनास्थलको सीमाङ्कन तथा नक्साङ्कन विवरणः

३. शङ्कास्पद शवको स्थिति वा शवको अवशेषको विवरणः

(क) मृतकको नाम, थर, हुलियाः-

(ख) वतनः-

(ग) उमेरः-

(घ) लिङ्गः-

४. शव पहिचान हुन सक्ने कुनै विवरण :-

(क) शवको शारीरिक अवस्थाः- (व्यहोरा खुलाउने)

(ख) शवको विवरणः-

(ग) मृतकको पहिचान खुल्ने अन्य कुनै विवरण भए सो उल्लेख गर्नेः

(घ) शवसँग कुनै भौतिक वस्तु रहेको भए सोको विवरण (कपडा, जुत्ता, घडी, सिक्री वा अन्य कुनै भौतिक वस्तु):-

५. शवको अनुमानित सङ्ख्या :-

६. शव गाडिएको, मरे वा मारिएको अनुमानित समयावधि :-

७. उत्खननबाट प्राप्त अवशेषमा रहेका वा देखिएको कुनै चोट वा हतियारको दाग भए सोको विवरण :-

.................................................................................................
.................................................................................................
.................................................................................................

८. उत्खननमा कुनै हातहतियार, गोली, विष्फोटक वा विषालु पदार्थ वा त्यसको कुनै अवशेष प्राप्त भए त्यसको विवरण :-

..............................................................................................................
..............................................................................................................
..............................................................................................................

९. अन्य कुनै भौतिक वस्तु, स्थिति वा विवरण भए सोको विवरण:-

..............................................................................................................
..............................................................................................................
..............................................................................................................

१०. शव उत्खनन गर्दा उपस्थित भई देखे बमोजिम सही छाप गर्ने साक्षीहरूको नाम, थर, उमेर, वतन र सही:-

(१) ................................................

(२) ................................................

(३) ................................................

११. रोहवरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सही :-

(१) ................................................

(२) ................................................

(३) ................................................

१२. मृतकको परिवारका कुनै सदस्य उपस्थित रहेको भए नाम, थर, उमेर, वतन र सही:-

(१) ................................................

(२) ................................................

(३) ................................................

१३. दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर, उमेर वतन र सही :-

१४. अभियुक्तहरूको नाम, थर, उमेर, वतन र सही :-

(१) ................................................

(२) ................................................

(३) ................................................

१५. काम तामेल गर्ने (सरकारी चिकित्सक वा ईजाजतप्राप्त चिकित्सक) :- नाम, थर, वतन, सही र इजाजतपत्र नम्बर

१६. अनुसन्धान अधिकारी :-

१७. सम्भव भएसम्म सम्बन्धित विषय विज्ञः नाम, थर, वतन र सही

१८. सम्बन्धित स्थानीय तहका प्रतिनिधिः नाम, थर, वतन र सही :-

(१) ............................................

(२) ............................................

(३) ............................................

१९. कम्तीमा दुईजना स्थानीय व्यक्तिः नाम, थर, वतन र सही :-

(१) ............................................

(२) ............................................

(३) ............................................

मिति :-

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१५ख.

(दफा २१क. को उपदफा (२) सँग सम्बन्धित)

## मानव भित्री अङ्ग (भिसेरा) सङ्कलन फारामको ढाँचा

Viscera and Tissue Sample Collection for Toxicology and Histopathology:

Name of the Hospital:

Date and Time:

Name, Age, Sex of the decedent:

Name of the Viscera/Tissue Sample/Blood:

Name of the Preservative:

Purpose of Collection:

Toxicology/Histopathology/Tools:

Sample to be sent to FSL/Clinical Laboratory:

Name of the Collector:

Signature of Collector:

Brief History of the case:

(About Circumstance of death)

| Seal of the Hospital |
| --- |
| |

अनसूची -१५ग.

(दफा २१क. को उपदफा (४) सँग सम्बन्धित)

<u>भिसेरा लगायत अन्य नमुनाको वैज्ञानिक परीक्षण प्रतिवेदनको ढाँचा</u>

**FORENSIC EXAMINATION REPORT**

Lab Case No: Date:

| | |
|---|---|
| Sender (Referred by): | Carried by (Name and Designation): |
| Date: | Letter No.: |
| Ref. No. Received Date: | Numbers of Sample: |
| Case No: | Seal: |

Description of Exhibit:

Method of Examination:

Result of Examination:

Expert opinion:

Above analysis is done by me/us. To the best of my/our knowledge the report is true and correct.

| | | |
|---|---|---|
| Examiner: | Examiner: | Examiner: |
| Signature: | Signature: | Signature: |
| Name: | Name: | Name: |
| Qualification: | Qualification: | Qualification: |
| Position: | Position: | Position: |
| Office: | Office: | Office: |

Date: Seal of the Office:

<u>द्रष्टव्य:</u>

१. परीक्षण कार्य Forensic विषयको विशेषज्ञले गर्नु पर्नेछ।

२. परीक्षण गर्ने विशेषज्ञले नै प्रतिवेदन तयार गर्नु पर्नेछ।

३. सम्भव भएसम्म कम्प्युटर टाइप गरी प्रतिवेदन तयार गर्नु पर्नेछ, सो नभएमा स्पष्ट बुझिने गरी व्यहोरा उल्लेख गर्नु पर्नेछ। साथै परीक्षण प्रतिवेदनको सक्कल प्रति नै संलग्न गर्नु पर्नेछ।

४. निर्धारित स्थानमा विवरण उल्लेख गर्न नपुग भएमा छुट्टै पाना थप गरी समेत विवरण उल्लेख गर्नु पर्नेछ।

(कृपया यस सम्बन्धमा थप पत्राचार गर्दा र अदालत भित्र हुने काम कारवाहीमा माथिको मुद्दा नं. उल्लेख गर्नु होला।)

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनसूची– १५घ.

(दफा २१ख. को उपदफा (६) सँग सम्बन्धित)

**डी.एन.ए. नमुनादाताको मन्जुरनामा फारामको ढाँचा**

१. **डी.एन.ए. नमुनादाताको विवरण**

(क) पूरा नामः

(ख) जन्म मितिः

(ग) लिङ्गः

(घ) नागरिकताः

(ङ) ठेगानाः (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं., टोल, घर नं.)

स्थायीः

अस्थायीः

(च) फोटो सहितको परिचय खुल्ने कागजः (नम्बर, जारी मिति र कार्यालय समेत उल्लेख गर्ने):

(छ) अस्थिमज्जा (Bone Marrow) वा विगत तीन महिनाभित्र अरूबाट रगत लिए/नलिएकोः

२. **डी.एन.ए. परीक्षण गर्ने व्यक्तिको वा नजिकको अभिभावकको (नमुनादाता १८ वर्ष पूरा नगरेको भए) मन्जुरीनामाः**

श्री ................................को छोरा/छोरी म श्री ..........................................ले यस ........................ प्रयोगशालामा डी.एन.ए.परीक्षणका लागि मेरो/मेरा नाताका व्यक्तिका रगत/र्‍याल राजीखुसीले दिँदै आवश्यक डी.एन.ए. तथ्याङ्कीय विश्लेषण तथा जनसङ्ख्या डाटाबेस प्रयोजन समेतका लागि भविष्यमा सो प्रयोग गर्न सक्नेगरी मन्जुरी प्रदान गर्दछु। रगत/र्‍याल नमुना मेरो/मेरो ......... नाताको व्यक्तिको हो र मैले माथि भरेको सम्पूर्ण विवरण ठीक साँचो छ।

दस्तखतः औंठा छाप

दाँया वाँया

मितिः

३. **नमुनाको विवरणः ...............**

४. **रोहवरः** उल्लिखित व्यक्तिका डी.एन.ए. परीक्षण नमुना मेरो उपस्थितिमा सङ्कलन गरिएको हो।

(क) नाम, थर, ठेगाना र उमेरः

दस्तखतः

(ख) नाम, थर, ठेगाना र उमेरः

दस्तखतः

(ग) नाम, थर, ठेगाना र उमेरः

दस्तखतः

५. **नमुना निकाल्ने कर्मचारीको विवरणः**

नाम थरः

पदः

दस्तखतः

योग्यताः

परिचयपत्र नम्बरः

**प्रयोगशाला प्रयोजनका लागि मात्र**

केस नम्बरः

केस पठाउनेको नामः

प्राप्त मितिः

आधिकारिक व्यक्तिः

अन्यः

केसको विवरणः

प्राप्त पत्रको च.नं. र मितिः

नमुना नम्बरः

अनसुची-१५ङ.

(दफा २१ख. को उपदफा (९) सँग सम्बन्धित)

## डि.एन.ए. परीक्षण प्रतिवेदनको ढाँचा

## DNA EXAMINATION REPORT

Lab Case No: Date:

| | | |
|---|---|---|
| Sender: | Carried by: | |
| Date: | Letter No. | Ref. No.: |
| Received Date: | Number of Samples: | |
| Case No: | Seal: | |
| DNA नमुनादाताको व्यक्तिगत विवरण: | | |

Description of Exhibit:

Expressed consent for examination:

Method of Examination:

Result of Examination:

Expert opinion:

Above analysis is done by me/us. To the best of my/our knowledge the report is true and correct.

Examiner:

| | | |
|---|---|---|
| Signature: | Signature: | Signature: |
| Name: | Name: | Name: |
| Qualification: | Qualification: | Qualification: |
| Position: | Position: | Position: |
| Office: | Office: | Office: |
| Date: | Seal of the Office: | |

**द्रष्टव्यः**

१. परीक्षण कार्य Forensic विषयको विशेषज्ञले गर्नु पर्नेछ।

२. परीक्षण गर्ने विशेषज्ञले नै प्रतिवेदन तयार गर्नु पर्नेछ।

३. सम्भव भएसम्म कम्प्युटर टाइप गरी प्रतिवेदन तयार गर्नु पर्नेछ सो नभएमा स्पष्ट बुझिने गरी व्यहोरा उल्लेख गर्नु पर्नेछ। साथै परीक्षण प्रतिवेदनको सक्कल प्रति नै संलग्न गर्नु पर्नेछ।

४. निर्धारित स्थानमा विवरण उल्लेख गर्न नपुग भएमा छुट्टै पाना थप गरी विवरण उल्लेख गर्नु पर्नेछ।

(कृपया यस सम्बन्धमा थप पत्राचार गर्दा र अदालतभित्र हुने काम कारवाहीमा माथिको मुद्दा नं. उल्लेख गर्नु होला।)

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनसुची-१६क.

(दफा २२ को उपदफा (७) सँग सम्बन्धित)

## जबर्जस्ती करणी तथा यौनजन्य हिंसा सम्बन्धी कसूरको शारीरिक परीक्षण प्रतिवेदनका ढाँचा

## (महिलाको हकमा)

REPORT OF MEDICAL EXAMINATION IN SEXUAL OFFENCE OF FEMALE SUBJECT

1. Case Registration No.:
2. Name of the Office referred for examination (with letter reference No. and Date)
3. Name of the accompanying Police Personnel:

**DETAIL ABOUT THE EXAMINEE**

1. Name/ Code Name (To maintain confidentiality):
2. Age and Sex:
3. Address:
4. Marital status:
5. Guardian's Name and relation:
6. Date and time of examination:
7. Attendant's Name and address:
8. Identification marks:
9. Consent for examination: I am fully aware about the process and possible consequences of the examination; I hereby give my full consent for medical examination without any compulsion. (Consent should be taken in the form of signature/thumb print.) For minors Consent should be taken from guardians.
10. Brief History of the incident, as stated by examinee or guardian (How, When, Where and what had happened?) (घटनाको बारेमा पीडित वा पीडितको अभिभावकले दिएका सूचनाहरू):
11. Medical history (Emotional, Medical and Psychological history including past medical history):
12. Clothes changed or not after incident:
13. Whether clothes and body parts washed or not after the incident:
14. Description of the examination of clothes (Any tear, scratches, stain and foreign materials):

**EXAMINATION**


1. General physique and vitals:-

| | | | |
|---|---|---|---|
| Height: | Weight: | Pulse: | B.P: |
| Temperature: | Respiratory rate: | Degree of consciousness: | |
| Any disability: | | | |

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

2. Injuries on the bodies (Name, Size, Site, Color, Surrounding area, Sign of treatment, Bleeding Marks, Sign of Healings, any Imprints etc.) Please use the figure provided to depict the injuries as best as possible:


FULL BODY, FEMALE—ANTERIOR AND POSTERIOR VIEWS



Name ______________________________ Case No. ______________

Date ______________

FULL BODY, FEMALE—LATERAL VIEW




Name ______________________ Case No. ______________

Date ______________

3. Genital injuries (Name, Size, Site, Color, Surrounding area, sign of treatment, Bleeding Marks, Sign of Healings, Imprints, any content, stain and discharge etc.) Please use the figure provided to depict the injuries as best as possible (गुप्ताङ्गका विभिन्न भागहरूमा भएका चोटहरू वा अन्य लक्षणहरू): -

   (a) Perineum:

   (b) Vulva:

   (c) Vagina:


   (d) Hymen:

   (e) Perianal area and anal orifice:

   (f) Oral cavity

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

PERINEUM—FEMALE



Name ____________________ Case No. __________

Date __________

4. Conditions of pubic hair (Matted, stained, any foreign hairs):
5. Bite marks: (enclose photos if possible)
6. Specimen preserved for further analysis (पीडितबाट परीक्षणको क्रममा सङ्कलन गरिएका नमुनाहरू):
   - (a) Blood (Alcohol, Drug, Grouping, DNA, HIV AIDS, VDRL, HBS- g, TPHA)
   - (b) Urine (Intoxication/pregnancy)
   - (c) Swab from stains
   - (d) Vaginal swab
   - (e) Foreign hairs/debris
   - (f) Hair from the examinee
   - (g) Nail scrapings
   - (h) Others:
7. Investigation and reports:
8. Treatment (including prevention of pregnancy, vaccination and sexually transmitted diseases):
9. Referral (Where and Why?):
10. Follow up visits suggested on:
11. Psychiatric evaluation and psychosocial counseling:

12. Condition of teeth (Type of dentition and Number of teeth):

8 7 6 5 4 3 2 1/1 2 3 4 5 6 7 8

.................................... = (Total teeth)

8 7 6 5 4 3 2 1/1 2 3 4 5 6 7 8

**Opinion of the expert:** (while framing opinion the examiner should analyze her mental status, possible causation of injuries and their time of infliction, age estimation in case of minors or teenagers and general condition of the examinee. If there are signs of alleged sexual activities mentioned in history also should be considered while framing opinion. In case of complete negative findings in examinee, the examiner cannot declare that the alleged incident did not take place).

(a) Opinion about mental status of the examinee (पीडितको मानसिक अवस्थाका सम्बन्धमा राय):

(b) Opinion about the injuries on body (शरीरमा देखिएका चोटहरूका सम्बन्धमा राय):

(c) Opinion about the condition of genital organs (गुप्ताङ्गमा पाईएको अवस्थामा राय):

(d) Opinion about age of the Examinee (पीडितको उमेर सम्बन्धमा राय):

(e) Other opinion, if any (अन्य कुनै राय, यदि भएमा):

Name of the Examiner:

Signature: Qualification:

NMC Reg.No. : Office/Hospital/Health Centre:

Date: Seal of the Hospital/Health Centre:

<u>द्रष्टव्य:</u>

१. परीक्षण कार्य Forensic विषयको विशेषज्ञले र त्यस्तो विशेषज्ञ नभएमा तालिम प्राप्त चिकित्साकर्मीले गर्नु पर्नेछ।

२. परीक्षण गर्ने विशेषज्ञ वा चिकित्साकर्मीले नै प्रतिवेदन तयार गर्नु पर्नेछ।

३. संभव भएसम्म कम्प्युटर टाइप गरी प्रतिवेदन तयार गर्नु पर्नेछ, सो नभएमा स्पष्ट बुझिने गरी व्यहोरा उल्लेख गर्नु पर्नेछ। साथै परीक्षण प्रतिवेदनको सक्कल प्रति नै संलग्न गर्नु पर्नेछ।

४. निर्धारित स्थानमा विवरण उल्लेख गर्न नपुग भएमा छुट्टै पाना थप गरी विवरण उल्लेख गर्नु पर्नेछ।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१६ख.

(दफा २२ को उपदफा (७) सँग सम्बन्धित)

## जबर्जस्ती करणी तथा यौनजन्य कसूर सम्बन्धी शारीरिक परीक्षण प्रतिवेदनको ढाँचा

## (पुरूषको हकमा)

## REPORT OF MEDICAL EXAMINATION OF MALE SUBJECT IN SEXUAL OFFENCES

1. Case Registration No.:
2. Name of the Office referred for examination (with letter reference No. and Date)
3. Name of the Accompanying Police Personnel:

**DETAIL ABOUT THE EXAMINEE**

1. Name/ Code Name (To maintain confidentiality):
2. Age and Sex:
3. Address:
4. Marital Status:
5. Guardian's Name and Relation:
6. Date and Time of Examination:
7. Attendant's Name/Address:
8. Identification Marks:
9. Consent for examination: I am fully aware about the process and possible consequences of the examination; I hereby give my full consent for medical examination without any compulsion. (Consent taken in the form of signature/ thumb print.) For minors Consent taken from guardians.
10. Brief History of the incident (How, When, Where and what had happened?):
11. Medical History (Emotional, Medical and Psychological history including past medical history):
12. Clothes changed or not after incident:
    Examiner's initial ……………….
    Date……………………………..
13. Whether clothes and body parts washed or not after the incident:
14. Description of the examination of clothes (Any tear, scratches, stain and foreign materials:

**EXAMINATION**

1. General Physique and vitals:
   Height: Weight: Pulse:
   B.P: Temperature: Respiratory Rate:
   Degree of Consciousness: Any disability:
2. Injuries on the bodies (Name, Size, Site, color, Surrounding area, Sign of treatment, bleeding Marks, Sign of Healings, any Imprints etc.) :

3. Genital injuries (Name, Size, Site, Color, Surrounding area, Sign of treatment, Bleeding Marks, Sign of Healings, Imprints, Any stain and discharge etc.) :

(a) Perineum:

(b) Penis:

(c) Scrotum:

(d) Perianal area and anal orifice:

(e) Oral cavity:

4. Conditions of pubic hair (Matted, Stained, Any foreign hairs):

5. Bite Marks: - (Enclose photos if possible)

6. Specimen Preserved for further analysis:

(a) Blood (Alcohol, Drug, Grouping, DNA, HIV, VDRL, HBS-Ag, TPHA)

(b) Urine.

(c) Swab from stains.

(d) Swab from penis

(e) Foreign hairs/debris

(f) Hair from the Examinee.

(g) Nail scrapings.

(h) Others (including oral sexual activities):

7. Investigation and reports:

8. Treatment (including sexually transmitted diseases):

9. Referral (Where and Why):

10. Follow up (if necessary):

11. Psychiatric evaluation and psychosocial counseling:

12. Condition of teeth (Type of dentition and Number of teeth to assess age of examinee)

8 7 6 5 4 3 2 1/1 2 3 4 5 6 7 8

.................................... = (Total teeth)

8 7 6 5 4 3 2 1/1 2 3 4 5 6 7 8

13. Opinion of the expert:

(a) Opinion about injuries on body:

(b) Opinion about condition of genital organs:

(c) Opinion about the age of the examinee:

(d) Other opinion; if any:

Name of the Examiner:

Signature: Qualification:

NMC/NHPC Reg. No.: Office/Hospital/Health Centre:

Date: Seal of the Hospital/Health Centre:

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

द्रष्टव्यः

१. परीक्षण कार्य Forensic विषयको विशेषज्ञले र त्यस्तो विशेषज्ञ नभएमा तालिम प्राप्त चिकित्साकर्मीले गर्नु पर्नेछ।

२. परीक्षण गर्ने विशेषज्ञ वा चिकित्साकर्मीले नै प्रतिवेदन तयार गर्नु पर्नेछ।

३. सम्भव भएसम्म कम्प्युटर टाइप गरी प्रतिवेदन तयार गर्नु पर्नेछ, सो नभएमा स्पष्ट बुझिने गरी व्यहोरा उल्लेख गर्नु पर्नेछ। साथै परीक्षण प्रतिवेदनको सक्कल प्रति नै संलग्न गर्नु पर्नेछ।

४. निर्धारित स्थानमा विवरण उल्लेख गर्न नपुग भएमा छुट्टै पाना थप गरी समेत विवरण उल्लेख गर्नु पर्नेछ।"